annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १४३ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ४ असोज २०८१ | आश्विन कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४४ | FRIDAY, SEPTEMBER 20, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०





संविधान तथा राष्ट्रिय दिवसका अवसरमा बिहीबार बेलुकी दरबारमार्गमा आयोजित बृहत् कन्सर्टमा हर्सोल्लास मनाउँदै सर्वसाधारण र त्यसमा सहभागी प्रधानमन्त्री केपी शर्मा ओली दम्पती । ● अभिषेक महर्जन

कभर स्टोरी

## कर्णालीबाट सुरु हुँदै प्रमाणका आधारमा विकास

जनताको आवश्यक्ता एकातिर, बजेट अर्कोतिर । यसैकारण, केन्द्रदेखि स्थानीय तहले 'छर्ने' बजेटको न सदुपयोग हुन्छ, न त जनताले विकासको फल नै चाख्न पाउँछन् । यस्तै, बेथिति, विसंगति र लापरबाहीलाई रोक्न कर्णालीमा 'तथ्यांकमा आधारित विकास' मोडेल सुरु भएको छ । सुर्खेतको लेकबेंसी नगरपालिकाले आर्थिक वर्ष २०७९/८० देखि यस्तो अभ्यास सुरु गरेको हो । लेकबेंसीले एकीकृत तथ्यांक व्यवस्थापन प्रणाली (आईडीएमएस) लागू गरेको छ । प्रमाणमा आधारित विकासलाई जोड दिएको छ । अरू, स्थानीय तह पनि यो मोडलबारे सिक्दै छन् ।

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

– को रिपोर्ट

समाचार पृष्ठ २



सिम्ता गाउँपालिका । ● बिस्नप्रसाद न्यौपाने

## डेडिकेटेड र ट्रंकलाइन बक्यौता तिर्न कात्तिक ८ को अल्टिमेटम

**सुनिता कार्की** | *काठमाडौं*

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड तथा ट्रंकलाइन बक्यौतो रकम तिर्न डेढ महिनाको अल्टिमेटमसहित उद्योगीलाई पुनः पत्र पठाएको छ। प्राधिकरणका प्रवक्ता चन्दन घोषले भदौ २४ गते नै उद्योगी व्यवसायीलाई बक्यौता बुझाउन भन्दै पत्र पठाएको बताए। डेडिकेटेड तथा ट्रंकलाइन बक्यौता भएका उद्योगलाई कात्तिक ८ गतेको अल्टिमेटमसहित पत्र पठाइएको उनले बताए।

प्राधिकरणले बक्यौता रहेका ६१ उद्योगलाई पत्र पठाएको हो। यो बक्यौता ०७२ साउनदेखिको भए पनि विवाद ०७६ मा प्राधिकरणले छुट बिल पठाएपछि सुरु भएको हो। प्राधिकरण आर्थिक प्रशासन विनियमावली, ०६८, विद्युत् वितरण विनियमावली, २०६९ को विनियम २० र विद्युत् महसुल संकलन विनियमावली, ०७३ को विनियम ५ (१३) मा प्राधिकरणका उपभोक्ताहरूलाई बिलिङ गर्दा जुनसुकै कारणबाट छुट भएमा सोको जानकारी भएपश्चात् जुनसुकै समयमा छुट बिल गर्ने कानुनी व्यवस्था रहेको छ। सोही व्यवस्थालाई टेकेर प्राधिकरणले औद्योगिक ग्राहकहरूलाई छुट बिल जारी गरेको बताउँदै आएको छ।

प्राधिकरणले बक्यौता नतिरेको भन्दै गत असार २५ गतेदेखि उद्योगको लाइन काट्न सुरु गरेको थियो। सरकार परिवर्तनसँगै प्राधिकरणले लाइन जोडेको थियो। सरकारले ३ महिनाभित्र बक्यौता विवाद सुल्झाउन नसके पुनः लाइन काट्ने प्राधिकरणले त्यतिबेलै बताएको थियो। प्राधिकरणले ठ्याक्कै ३ महिनामा बक्यौता बुझाउने गरी अल्टिमेटम सहितको पत्र उद्योगहरूलाई पुनः पठाएको जनाएको छ।



> डेडिकेटेड तथा ट्रंकलाइन बक्यौता भएका उद्योगलाई कात्तिक ८ गतेको अल्टिमेटमसहित पत्र पठाइएका छौं ।
>
> **चन्दन घोष**
> प्राधिकरणका प्रवक्ता

प्राधिकरणले असार ९ गते पनि १५ दिनको अल्मिेटमसहित बक्यौता तिर्न सम्बन्धित ६१ उद्योगीलाई पत्राचार गरेको थियो। प्राधिकरणले लाल आयोगको सिफारिसबमोजिम २०७२ माघदेखि २०७५ वैशाखसम्मको करिब ६ अर्ब ६० करोड रुपैयाँ बक्यौता १५ दिनभित्र बुझाउने गरी सम्बन्धित उद्योगलाई पत्र पठाएको थियो। अहिले पनि सोही अवधिको बक्यौता बुझाउन उद्योगलाई पत्र काटिएको हो।

लाइन काट्ने सम्बन्धमा प्राधिकरणले नियमन आयोगको सहमतिका लागि पनि पत्र पठाएको छ। प्रवक्ता घोषले आयोगको निर्देशनका लागि भदौ २६ गते नै पत्र पठाइएको जानकारी दिए। नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले प्राधिकरणको पत्र प्राप्त भएको जनाए।

प्राधिकरणले आफ्नो विनियमको कार्यान्वयन गर्न सल्लाह/सुझाव माग्न पत्र पठाएको अध्यक्ष धितालले जानकारी दिए। उनले मन्त्रिपरिषद्को निर्णय, मन्त्रीस्तरीय निर्णय, अदालतका फैसलाहरू, आयोगको नै पुराना फैसला तथा निर्णयसहितको आधारमा प्राधिकरणले उपयुक्त रणनीति अपनाइ बाँकी बक्यौता उठाउन उपयुक्त हुने जवाफ दिइएको बताए। मन्त्रिपरिषद्ले लाल आयोगको सिफारिसअनुसार बक्यौता उठाउन प्राधिकरणलाई अनुमति दिएको थियो।

प्राधिकरण र निजी उद्योगीबीच डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत् महसुलको विवाद उत्कर्षमा पुगेपछि २०८० माघ २४ गते सरकारले आयोग गठन गरेको थियो। सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा गठित आयोगले करिब ३ महिना लगाएर प्रतिवेदन तयार गर्‍यो। प्रतिवेदनमा विवादित तीन समयका बारेमा उल्लेख गरेको छ। २०७२ साउनदेखि २०७२ पुससम्म, २०७२ माघदेखि २०७५ वैशाखसम्म र २०७५ जेठदेखि जेठमसान्तसम्मको समयलाई अध्ययन गरेको प्रतिवेदनमा भनिएको छ।

मुलुकमा लोडसेडिङ भएको अवधिमा प्राधिकरणले आफ्ना औद्योगिक ग्राहकलाई डेडिकेटेड र ट्रकलाइनमार्फत विद्युत् आपूर्ति गरेको थियो। उक्त अवधिहरूमध्ये २०७२ साउनदेखि २०७२ पुससम्मको अवधि महसुल निर्धारण आयोगबाट महसुल निर्धारण न भै सकेको अवधि हो।

» बाँकी पृष्ठ ६

## किन बाँडिएन विभूषण र पदक ?

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

यस वर्ष पनि संविधान दिवसका अवसरमा विभूषण तथा पदक वितरण गरिएन्। राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउनेलाई राज्यका तर्फबाट विभूषण र पदक दिने गरिन्थ्यो। मापदण्ड बनाउन ढिलाइ भएको र आर्थिक मितव्यतता अपनाउन सरकारले यस वर्ष वितरण नगरेको गृह मन्त्रालयले जनाएको छ।

सरकारले गत वर्ष पनि पदक दिएको थिएन। गृह मन्त्रालयका प्रवक्ता एवं सहसचिव ऋषिराम तिवारीले मापदण्ड बनाउन पर्ने भएकाले योपटक विभूषण पदक नबाँडिएको बताए। विभूषण पद वितरण हुन नसक्नुमा दुइटा कारण रहेको उनले स्पष्ट पारे। पहिलो तयारी नपुगेको र दोस्रो विभूषण वितरणमा खर्च धेरै लाग्ने हुँदा



सरकारले मितव्ययिता अपनायो। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रवक्ता एवं सहसचिव प्रेमप्रसाद आचार्यले भने गृह मन्त्रालयले विभूषण पदक वितरणको समन्वय गर्ने भन्दै प्रतिक्रिया दिन चाहेनन्। अघिल्ला वर्षहरूमा वितरण गरिएका अलंकार मानपदवी, विभूषण र पदकहरू विवादमा परेका थिए। जसले गर्दा वितरणका प्रश्न उठ्ने देखाउँदै सरकार मापदण्ड बनाएर मात्रै वितरण गर्ने गृहकार्य गर्दै छ।

०७९ माघ ९ गतेको मन्त्रिपरिषद्को बैठकले विभूषण तथा पदक वितरणको मापदण्ड बनाउन समिति गठन गर्ने निर्णय गरेको थियो। यो समितिले मापदण्ड बनाउने काम गरिरहेकाले विभूषण पदक वितरण हुन नसकेको गृह मन्त्रालयले जनाएको छ। तत्कालीन उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको पहलमा यो समिति बनेको हो। 'केही मापदण्ड नयाँ बनाउनुपर्ने भएकाले पनि योपटक वितरण हुन सकेन,' गृह प्रवक्ता तिवारी भन्छन्।

» बाँकी पृष्ठ ६